

# को सबैभन्दा बुद्धिमान् ?



बिक्रीको लागि होइन

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# को सबैभन्दा बुद्धिमान् ?



बिक्रीको लागि होइन

यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

अवधारणा
शिल्पी प्रधान

चित्राङ्कन
किशोर जोशी

सम्पादक
भिक्टर प्रधान

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

बिक्रीको लागि होइन

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भसामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।


पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

बिक्रीको लागि होइन

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६


**पाठ्यक्रम विकास केन्द्र**



एक दिन यस संसारमा पाइने
जनावरहरूका बिच
‘को सबैभन्दा बुद्धिमान्’
भनेर झगडा परेछ ।


बिक्रीको लागि होइन

सुरुमा पानीमा बस्ने अक्टोपसले भनेछ, “साथी हो ! यस संसारमा सबैभन्दा बुद्धिमान् म हुँ ।”




बिक्रीको लागि होइन

त्यही पानीमा बस्ने माछाले अक्टोपसको कुरो काट्दै भनेछ, “होइन, तिमीभन्दा त म बुद्धिमान्। तिम्रा त खुट्टा मात्रै धेरै छन्।”



बिक्रीका लागि होइन

गोही किन पछि पर्थ्यो र ! उसले पनि माछालाई उछिन्दै भनेछ, "तिमीभन्दा म ठुलो छु, त्यसैले मेरो गिदी पनि धेरै छ । तिमीभन्दा म नै बुद्धिमान् छु ।"




बिक्रीको लागि होइन



बिक्रीको लागि होइन

किनारको रुखको हाँगामा बसिरहेको सुगाले सबै कुरा सुनिरहेको रहेछ। उसले भनेछ, "ए गोही दाइ ! जिउ ठुलो हुँदैमा बुद्धिमान् होइँदैन के ! तपाईँलाई त्यति पनि थाहा रहेनछ। तपाईँभन्दा त म बुद्धिमान् रहेछु नि।"

त्यही रुखको जरानिर दुलोमा बस्ने मुसालाई निकै हाँसो उठेछ । उसले सुगालाई गिज्याउँदै भनेछ, “सुगा बहिनी ! तिमीलाई त मेरो यो सानो बुद्धिले नै जित्छ ।”



बिक्रीका लागि होइन

त्यहीँनिर खाना खोजिरहेको सुँगुरले मुसाको कुरा सुनेछ । उसले खाना छाडेर भनेछ, “ए मुसो ! कसलाई धाक लगाएको ? तिम्रो त्यो सानो टाउकामा कति गिदी छ र ? तिमीले मलाई जित्न सक्दैनौ ।”



बिक्रीको लागि होइन

त्यो कुरा नजिकैको कुकुरले पनि सुनिरहेको थियो। कुकुर पनि के कम! उसले पनि “के कुरो गरेको सुँगुर भाइ! तिमी कहाँ मभन्दा बुद्धिमान् छौ र?” भन्दै भुक्न थालेछ।




बिक्रीको लागि होइन

कुकुर भुक्दै थियो। डल्फिन पानीबाट फुत्त बाहिर निस्केर "म हुँ सबैभन्दा बुद्धिमान्। मैले जस्तो चाँडो कसले सिक्न सक्छ र" भन्दै फेरि पानीभित्रै सुत्त छिरिहालेछ।



बिक्रीको लागि होइन

नजिकैको ढुङ्गामा दुईओटा बाँदर बसिरहेका रहेछन् । जनावरहरूको कुरा सुनेर जुम्रा केलाइरहेको एउटा बाँदरलाई सहिनसक्नु भएछ । उसले टिपेको जुम्रा क्वाप्प मुखमा राख्दै भनेछ, “सबैभन्दा बुद्धिमान् म हुँ म ! केको तिमीहरू !”



बिक्रीका लागि होइन

बाँदर कराउँदै नजिकैको रुख चढेछ। उसले रुख नै भाँचिएला जस्तो गरी हाँगा हल्लाएछ। उसको चाला देखेर सबै जनावर त्यहाँबाट हिँडेछन्। सबै भागेको देखेर बाँदर दङ्ग परेछ। साँच्चै जनावरहरूमा बाँदर निकै बुद्धिमान् हुँदो रहेछ।





तर तिमीलाई थाहा छ
संसारमा सबैभन्दा बुद्धिमान् को हो ?

तिमी

बिक्रीका लागि होइन

बिक्रीको लागि होइन